१७ औं कार्यपालिका बैठक मिति:२०८०।०३।०१

प्रस्तावहरु

१. आ.व. २०८०।८१ को बार्षिक निति तथा कार्यक्रम र बार्षिक बजेट तथा कार्यक्रम तयारी सम्बन्धमा।

२.मालपोत कार्यालयलाई न्युनतम मुल्याकंनमा राय सुझाव उपलव्ध गराउने सम्वन्धमा ।

३.स्थानिय पाठ्यक्रमको अन्तिम मस्यौदा पारित गर्ने सम्वन्धमा ।

४.योजनाहरुको कार्यान्वयन र भुक्तानी सम्बन्धमा ।

५.छाडा चौपाया व्यवस्थापनको लागि जग्गा व्यवस्थापन सम्वन्धमा ।

६.वास योजनाको भेरिफिकेशन सम्बन्धमा ।

७.विविध सम्वन्धमा ।

निर्णयहरु

१. प्रस्ताव नं. १ मा छलफल गर्दा आ.व. २०८०।८१ को बार्षिक नीति तथा कार्यक्रम र बजेट मिति २०८० अषाढ १० गते नगरसभा समक्ष पेस गर्नेगरि तपसिल अनुसार तयारी कार्यक्रमहरु सन्चालन गर्ने निर्णय गरियो ।

तपसिल

क) नगर प्रमुख तथा सम्बन्धित पक्षले निति तथा कार्यक्रम तयार गर्दै जाने र त्यसको अन्तिम मस्यौदा ७ गते सम्म तयार गरिसक्ने ।

ख) राजश्व परामर्श समितिको बैठक मिति २०८०।०३।०५ गते बिहान ८ बजे बसि करका दर दायरा सम्वन्धमा सल्लाह सुझाव तयार गर्ने ।

ग) स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको बैठक मिति २०८०।०३।०५ गते बिहान ११ बजे बस्ने र स्रोत र बजेट सिमा कायम गर्ने ।

घ) बिषयगत समितिका बैठकहरु मिति २०८०।०३।०६ गते बस्ने र आफ्ना सुझावहरु तयार गर्ने ।

ङ) नीति तथा कार्यक्रम माथि कार्यपालिकामा छलफल मिति २०८०।०३।०७ गते बिहान ८ बजे गर्ने र अन्तिम रुप तयार गर्ने

च) बजेट तथा कार्यक्रज्रम तर्जुमा समितिको बैठक मिति २०८०।०३।०७ गत दिउसो २ बजे बस्ने र बजेट तथा कार्यक्रम तर्जुमा गर्ने

छ) बजेट तथा कार्यक्रम माथि कार्यपालिकाको छलफल मिति २०८०।०३।०८ गते बिहान ८ बजे बजेट तथा कार्यक्रमको सभा समक्ष पेसको लागि अन्तिम रुप तयार गर्ने

२. प्रस्ताव नं.२ मा छलफल गर्दा यस नगरपालिका भित्रका जग्गाहरुको न्युनतम मुल्याकंनको लागि मालपोत कार्यालय सल्यानबाट सुझाव माग भई आएकोमा यस नगरपालिकामा हाल जग्गा बर्गिकरणको कार्य अगाडी बढेकोले सो कार्य भएपछि मुल्याकंनमा हेरफेर गरिने र हाललाई यथावत कायम गर्ने गरि सुझाव दिने निर्णय सर्बसम्मतले पारित गरियो ।

प्रमुख प्रशासकीय अधिकृत
जगत बहादुर ...
प्रमुख प्रशासकीय अधिकृत

३. यस नगरपालिकाको स्थानिय पाठ्यक्रम हाम्रो वनगाउँ हाम्रो कुपिण्डे (कक्षा १ - ८) को मस्यौदालाई यथास्थितिमा पारित गर्ने निर्णय गरियो ।

४.यस नगरपालिका भित्र आ.व. २०७९।८० मा कार्यान्वयन भई अनुगमन समितिबाट अनुगमन भई भुक्तानीको लागि सिफारिस भइ भुक्तानीका लागि पेश भएका तपशलि योजनाहरुको भुक्तानी अनुमोदन गर्ने निर्णय गरियो । साथै सम्झौता भई हालका मिति सम्म कार्यन्वयन सुरु नभएका योजनाहरु अब कार्यान्वयनमा नलैजाने निर्णय गरियो ।

| | | |
|---|---|---|
| १ | कल्लीखेत देखि लहरे अम्रैई सिचाई कुलो निर्माण | ब.कु.न.पा. ४ |
| २ | नयाँ जिवन जैतुन चर्च भवन निर्माण | ब.कु.न.पा. ८ |
| ३ | किमिरे लेखटोल खानेपानी निर्माण | ब.कु.न.पा. ९ |
| ४ | भगवती मन्दिर निर्माण डोप्के | ब.कु.न.पा. ४ |
| ५ | ज्यामिरे कृषि उपज संकलन उपकेन्द्र घेरवार निर्माण | ब.कु.न.पा. ८ |
| ६ | माथिल्लो जागिरि सिचाई कुलो निर्माण | ब.कु.न.पा. ९ |
| ७ | भैसीगोठ सिचाई कुलो निर्माण | ब.कु.न.पा. ८ |
| ८ | कुपिण्डेखोला तटबन्ध निर्माण | ब.कु.न.पा. ८ |
| ९ | भोटेकालिका मन्दिर निर्माण योजना | ब.कु.न.पा. ८ |
| १० | बागमारे सिचाई कुलो निर्माण | ब.कु.न.पा. ९ |
| ११ | मान्त टोल सडक निर्माण | ब.कु.न.पा. ९ |
| १२ | खालीखोला सडक निर्माण | ब.कु.न.पा. ९ |
| १३ | बाझाखेत देखि बलहान्ना चौर सम्म सडक स्तरोन्नती | ब.कु.न.पा. ९ |
| १४ | खोलेपुज्ने देखि गोलाइचे सम्म सिचाई कुलो निर्माण | ब.कु.न.पा. १० |
| १५ | मानडाडा भलाखर्क गाउँघर क्लिनिक निर्माण | ब.कु.न.पा. ६ |
| १६ | भित्रीखोला सल्लीडाँडा सम्म सिचाई कुलो निर्माण | ब.कु.न.पा. ८ |
| १७ | मुलाखोला भैसेखाली खड्काटोल ईर्ज सिचाई कुलो निर्माण | ब.कु.न.पा. ९ |
| १८ | पारिगाउ खानेपानी निर्माण योजना | ब.कु.न.पा. ८ |
| १९ | गिठाचौर बरेखा सडक निर्माण | ब.कु.न.पा. ९ |
| २० | झाक्रीखाना साउनेपानी खानेपानी निर्माण | ब.कु.न.पा. ८ |

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| ११ | कालेसिम खापा टयाङ्की निर्माण | ब.कु.न.पा. ८ |
| १२ | डोप्के घरेली गह्रा सुधार | ब.कु.न.पा. ४ |
| १३ | कफलेनी गतारा गह्रा सुधार | ब.कु.न.पा. ५ |
| १४ | नेरा प्रावि पोखरा फिल्ड तथा फर्निचर निर्माण | ब.कु.न.पा. ३ |
| १५ | नरुवा आरुबोट गह्रा सुधार | ब.कु.न.पा. ६ |
| १६ | धप खानेपानी निर्माण योजना | ब.कु.न.पा. ८ |
| १७ | रातामाटा दमाईका घडेरी खानेपानी टयाङ्की निर्माण | ब.कु.न.पा. ६ |
| १८ | बाँझकोट स्वास्थ्य चौकी पुरानो भवन मर्मत | ब.कु.न.पा. ५ |
| १९ | गैरागाउँ गह्रा सुधार | ब.कु.न.पा. ६ |
| २० | सरस्वती आवि फिल्ड तथा वाल निर्माण | ब.कु.न.पा. ५ |
| २१ | सिलखेत सिचाई कुलो निर्माण | ब.कु.न.पा. ८ |
| २२ | अम्रा सडक सल्याप निर्माण | ब.कु.न.पा. १ |
| २३ | बस्नेउरा भिरकुना खानेपानी टंकी निर्माण | ब.कु.न.पा. १२ |
| २४ | बैसारुख किमिरे खानेपानी निर्माण | ब.कु.न.पा. ९ |
| २५ | बाल कल्याण प्रावि फिल्ड निर्माण | ब.कु.न.पा. ७ |
| २६ | ध्रुवतारा प्रावि च्युरा भवन मर्मत | ब.कु.न.पा. ५ |
| २७ | काभ्रा मोडदेखि खरकट्टी सडक स्तरउन्नती | ब.कु.न.पा. ६ |
| २८ | जोरढुङ्गा ज्यामिरे खोला गह्रा सुधार | ब.कु.न.पा. ६ |
| २९ | बाबियाचौर तटबन्ध निर्माण | ब.कु.न.पा. ८ |
| ३० | कालिका प्रावि छाना मर्मत | ब.कु.न.पा. ६ |
| ३१ | जलुकेखेली खोला किनार संरक्षण | ब.कु.न.पा. ६ |
| ३२ | दुरुमखोला सल्लेरी खानेपानी मर्मत | ब.कु.न.पा. १२ |
| ३३ | गोब्राही प्रावि भवन मर्मत | ब.कु.न.पा. १२ |
| ३४ | सिन्दुरे सिचाई कुलो निर्माण | ब.कु.न.पा. १ |
| ३५ | घाँजरी डाँडा शिव मन्दिर तथा फिल्ड निर्माण | ब.कु.न.पा. ७ |
| ३६ | बेतेनी औल कुलो निर्माण | ब.कु.न.पा. २ |
| ३७ | घोरानेटी खानेपानी टंकि निर्माण | ब.कु.न.पा. १२ |

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| ३८ | दलित जनता प्रावि भवन मर्मत तथा फर्निचर निर्माण | ब.कु.न.पा. १२ |
| ३९ | सुकिदह हुदै माझखर्क सम्म मोटरबाटो निर्माण | ब.कु.न.पा. १० |
| ४० | समाइला रिचार्ज पोखरी निर्माण | ब.कु.न.पा. १ |
| ४१ | काफलपानी गह्रा सुधार | ब.कु.न.पा. ४ |
| ४२ | खहरेखोला गह्रा सुधार | ब.कु.न.पा. १ |
| ४३ | खैरागार खोला फिल्टरिङ ड्याम निर्माण | ब.कु.न.पा. ५ |
| ४४ | मैदुपोखरी फिल्टरिङ ड्याम निर्माण | ब.कु.न.पा. ७ |
| ४५ | चोरपानि पाडेलेधुरा खानेपानी निर्माण | ब.कु.न.पा. २ |
| ४६ | तिमिले चौर खानेपानी मर्मत | ब.कु.न.पा. ६ |
| ४७ | तल्लो मैदु गह्रा सुधार | ब.कु.न.पा. ६ |

५.यस नगरपालिका भित्र रहेको छाडा पशुचौपायाहरुको उचित व्यवस्थापनको लागि वडा नं. १ मा रहेको घाटगाउँ रातेखारामा रहेको ऐलानी प्रति जग्गामा अस्थायी रुपमा संरचना बनाई व्यवस्थापन गर्ने निर्णय सर्बसम्मतले पारित गरियो ।

६. यस नगरपालिकाको वास प्लान निर्माणका लागि प्रारम्भिक सर्भेबाट संकलन गरिएका तथ्याङ्कहरुको भेरिफिकेसन कार्य तपशिल अनुसार संचालन गर्ने निर्णय गरियो ।

| क्र सं | मिति | वडा नं |
|---|---|---|
| १ | २०८०।०३।०२ | ४ र ५ |
| २ | २०८०।०३।०३ | ८ र ९ |
| ३ | २०८०।०३।०४ | ११ र १२ |
| ४ | २०८०।०३।०५ | ६ र ७ |
| ५ | २०८०।०३।०६ | १ |
| ६ | २०८०।०३।१२ | २ र ३ |
| ७ | २०८०।०३।१३ | १० |

७. यस नगरपालिका भित्र चलिरहेको बिकास निर्माणलाई मध्यनजर गर्दै अषाढको १५ गते सम्मलाई नियमानुसारको शुल्क तिरेर मात्र नगरपालिका भित्रका खोलानालाबाट ढुंगा गिट्टी बालुवा निकाल्न दिने निर्णय गरियो ।

आजको वैठक सोहार्दपुर्ण तरिकाले सर्वसम्मत रुपमा निर्णयहरु पारित गर्दै सम्पन्न भयो ।

जगत बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत